प्रदेश सरकार
लुम्बिनी प्रदेश
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय
# कृषि ज्ञान केन्द्र, दाङ

☎ ०८२-५६०१३०/५६००२५
ईमेल: akcdang@gmail.com
वेबसाईट: dang.akc.gov.np

## प्रस्ताव आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८०/१०/१**

कृषि ज्ञान केन्द्र, दाङको चालू आ.व. २०८०/८१ को स्वीकृत बार्षिक कार्यक्रममा सहभागि हुन इच्छुक आवेदकले सूचना प्रकाशित भएको मितिले १५ दिन (२०८०/१०/१५ गते सम्म ) यस कार्यालयमा तपशिलको कागजातहरु सहित निबेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। प्रस्ताव साथ पेश गर्नु पर्ने निबेदनको ढाँचा व्यवसायिक योजना संलग्न गर्नु पर्ने कागजात तथा कृषि विकास कार्यक्रम संचालन कार्यविधि- २०८० यस कार्यालयको सूचना पाटी वा वेवसाईट *dang.akc.gov.np* वाट प्राप्त गर्न सकिने छ । थप जानकारीका लागि कार्यालयको सम्पर्क नम्बर ०८२-५६००२५/९८५७८४५७२५मा सम्पर्क गर्न सकिन्छ । रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा जानकारी गराईन्छ।

तपशिल,

| क.सं. | कार्यक्रम | क्रियाकलापहरू | मापदण्ड | अनुदान सीमा |
|---|---|---|---|---|
| १ | पुष्प उत्पादन तथा प्रवर्द्धन कार्यक्रम | • आवश्यक सामग्रीहरू बीउ/बेर्ना/गानो, टनेलका लागि प्लाष्टिक, सेड नेट, ईन्सेक्ट नेट आदि खरिद,<br>• प्रशोधन, भण्डारण र बजारीकरण सम्बन्धी क्रियाकलापहरू। | • कृषक/फर्म/कम्पनी/कृषक समूह/सहकारी सहभागी हुन सक्ने,<br>• कार्यालयले निर्माण गरेको स्वीकृत लागत अनुमान अनुसार खर्च गर्न सकिने। | • सामग्रीको हकमा अधिकतम ५० प्रतिशत,<br>• निजी पूर्वाधारको हकमा अधिकतम ५० प्रतिशत<br>• बीउ/बेर्ना/गानो र सामुदायिक पूर्वाधार निर्माणको हकमा अधिकतम ७५ प्रतिशत<br>• प्रति आयोजना अधिकतम रु. २.५ लाख अनुदान। |
| २ | केरा प्रवर्द्धन कार्यक्रम | उत्पादन सामग्रीहरू, सिंचाईका लागि आवश्यक सामग्रीहरू, यन्त्र/उपकरणहरू, , बजारीकरण सामग्रीहरू, Ripening chamber, भण्डारण लगायतकाल पूर्वाधार सुधार वा निर्माण गर्ने क्रियाकलापहरू। | • कृषक/फर्म/कम्पनी/कृषक समूह/सहकारी सहभागी हुन सक्ने<br>• सामूहिकरूपमा कम्तीमा १ हे. वा एकलरूपमा कम्तीमा १० कठ्ठामा खेती गर्नुपर्ने। | • यन्त्र उपकरण/ अन्य सामग्रीको हकमा अधिकतम ५० प्रतिशत,<br>• निजी पूर्वाधारको हकमा अधिकतम ५० प्रतिशत<br>• बीउविजन/वेर्ना र सामुदायिक पूर्वाधार निर्माणको हकमा अधिकतम ७५ प्रतिशत<br>• प्रति हेक्टर अधिकतम रु. १ लाख अनुदान। |
| ३ | मौरी प्रवर्द्धन कार्यक्रम | • महमदानी, घुम्टी, धुवादानी, रानी ढोका, क्वीन केज, आहारा दानी, हाईभ टुल, पन्जा, ब्रस, मह छान्ने भाडा, रानी छेक्ने पाता, आधार चाका बनाउने मेसिन खरिद।<br>• उन्नत रानु खरिद<br>• प्रशोधन तथा बजारीकरणसँग सम्बन्धित सामग्रीहरू खरिद। | • कृषक/फर्म/कम्पनी/कृषक समूह/सहकारी सहभागी हुन सक्ने,<br>• मौरी सहितको कम्तीमा २० घार मौरीपालन गरेको वा विस्तार गर्न सक्ने हुनुपर्ने। | प्रति अनुदानग्राही कुल लागतको अधिकतम ५० प्रतिशत वा अधिकतम रु. २५ हजार अनुदान। |
| ४ | कृषि उपज | • साना चिस्यान केन्द्र निर्माण र सञ्चालन, | • बीउ वा तरकारी वा फलफूल भण्डारण वा बजारीकरण | कृषक/फर्म/कम्पनीको हकमा कुल लागतको |

प्रदेश सरकार
लुम्बिनी प्रदेश
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र, दाङ**

☎ ०८२-५६०१३०/५६००२५
ईमेल: akcdang@gmail.com
वेबसाईट: dang.akc.gov.np

| क्र.सं. | कार्यक्रम | क्रियाकलापहरू | मापदण्ड | अनुदान सीमा |
|---|---|---|---|---|
| | भण्डारण का लागि कोल्ड च्याम्बर स्थापना | • आवश्यक उपकरण, ट्रस निर्माण, र्‍याक, क्रेट तथा अन्य सामग्रीहरू खरिद। | कार्यमा संलग्न फर्म/कम्पनी/कृषक समूह/ सहकारी/ बजार समिति सहभागी हुन सक्ने, • कम्तीमा ५ बर्षसम्म सञ्चालन गर्ने प्रतिवद्धता गरेको हुनुपर्ने, • साना चिस्यान केन्द्र कम्तीमा ५ टन क्षमताको हुनुपर्ने, • चिस्यान केन्द्र मर्मत सम्भारको जिम्मेवारी संस्था स्वयमको हुनुपर्ने। | अधिकतम ५० प्रतिशत र समूह वा सहकारी हकमा अधिकतम ७५ प्रतिशत अनुदान। |

संलग्न गर्नु पर्ने कागजातहरू:

१. प्रस्तावको निवेदन (अनुसूचि ३५ बमोजिम)
२. दर्ता/नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि (समूह/निजी फर्म/कम्पनी/सहकारी)।
३. स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि ।
४. कृषक तथा कृषक समूहको हकमा स्थायी लेखा नम्बर प्रमाण-पत्रको प्रतिलिपि (छनोट भएमा सम्झौता पूर्व पेश गर्नु पर्ने)।
५. कार्यक्रम संचालनको लागि व्यावसायिक कार्ययोजना सहितको प्रस्ताव ( कार्यक्रमको प्रकृति अनुसार) (अनुसूचि ३ बमोजि र उक्त जग्गाको जग्गाधनि प्रमाण पुर्जाको प्रतिलिपी ।
६. सम्वन्धित स्थानीय तहको सम्वन्धित शाखाको सिफारिस पत्र।
७. प्रस्ताव स्वीकृत गरी अनुदान माँग गर्न गरिएको निर्णयको प्रतिलिपि।
८. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि।
९. निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान ।
१०. पुर्वाधार निर्माणको हकमा जग्गा धनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा (१५ वर्ष वा तोकिएको अवधिको) करार पत्र।